नेपाल बीमा प्राधिकरणको द्वैमासिक बुलेटिन

# बीमा समाचार

वर्ष ३ अङ्क ४ २०८० फागुन
(February-March, 2024)

## बीमा क्षेत्रमा 'नेपाल वित्तीय प्रतिवेदन मान' कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया

## कुनै द्विविधा नराखी नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणद्वारा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) सँगको समन्वयमा आयोजित बीमा क्षेत्रमा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) कार्यान्वयन सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम यही २०८० साल माघ २६ गते काठमाडौंमा सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) बमोजिम नेपालको बीमा क्षेत्रमा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) कार्यान्वयनका लागि भएका तयारी, आउनसक्ने समस्या र समाधानका उपाय लगायतका विषयमा छलफल गर्न कार्यक्रम आयोजना गरिएको हो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेल तथा अतिथिहरू ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपाल वित्तीय प्रतिवेदन मान लागू गर्ने प्रतिवद्धता बीमा कम्पनीहरूले व्यक्त गरेको उल्लेख गर्नुहुँदै समस्या पहिचान गरी आ-आफ्नो भूमिका बर्गीकरण गरी अघि बढेमा नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन गर्न सकिने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "नेपाली बीमा बजारको विश्वसनीयता अन्तर्राष्ट्रिय क्षेत्रमा बढाउनका लागि पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अगाडि बढ्नुर्छ, नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयनको तयारीका लागि समय दिइएको छ, अब कुनै द्विविधा नराखी तोकिएको समयमैं कार्यान्वयनमा जानुपर्छ ।"

नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयनमा बीमकहरूलाई सहजीकरण गर्न प्राधिकरण तयार रहेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "नेपाल वित्तीय प्रतिवेदन मानको कार्यान्वयनमा आउने समस्याहरू क्रमिकरूपले समाधान गर्दै जानुपर्छ, क्षमता अभिवृद्धि गर्नुपर्छ, बीमकहरूले लगानीकर्तालाई बुझाउनुपर्छ, एक्च्युरीको अभाव परिपूर्ति गर्न देशका विश्वविद्यालयमा एक्च्युरी विज्ञान अध्ययनको व्यवस्था मिलाउन सम्बद्ध सबैले पहल गर्नुपर्छ ।"

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का अध्यक्ष सुजन कुमार काफ्लेले नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयनका लागि बीमा क्षेत्रमा स्रोत विकास र प्राविधिक क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

लेखापरीक्षणमान बोर्डका अध्यक्ष अनुप कुमार श्रेष्ठले बीमा क्षेत्रबाट गुणस्तरीय सेवा प्रवाह र गुणस्तरीय प्रतिवेदन तयार गर्नका लागि लेखापरीक्षण सम्बन्धी क्षमता अभिवृद्धिको आवश्यकता औंल्याउनुभयो ।

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री दिनेश कुमार लाल, निर्देशक
**सदस्यहरू**
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री प्रीति देव, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

लेखामान बोर्डका अध्यक्ष प्रकाशजंग थापाले तोकिएको समयमा नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन गर्न सँगै मिलेर अघि बढौं भन्नुहुँदै कार्यान्वयनका क्रममा आइपर्ने बाधा व्यवधानको समाधानका लागि प्राविधिक सहयोग गर्न बोर्ड तयार रहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणले बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन जारी गरी बीमकको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम हुनुपर्ने व्यवस्था गरेको र सोही बमोजिम बीमकहरूबाट वित्तीय विवरण तयार भई प्राधिकरणमा पेश हुँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमक सङ्घका अध्यक्ष चंकी क्षेत्री र नेपाल जीवन बीमक सङ्घका अध्यक्ष पोषक राज पौडेलले बीमा क्षेत्र नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट चार्टर्ड एकाउन्टेन्ट विरोध वाग्लेले बीमकहरूको वित्तीय विवरण, लेखा तथा लेखापरीक्षण सम्बन्धी र ICAN का तर्फबाट वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट अरूण राउतले इन्स्योरेन्स कन्ट्याक्ट एनएफआरएस १७ सम्बन्धी छुट्टा छुट्टै प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डका पदाधिकारी, नेपाल बीमा प्राधिकरणका निर्देशक, बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा लेखाप्रमुख र लेखापरीक्षकहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले गर्नुभएको थियो ।

## नेपाल बीमा प्राधिकरण र त्रि.वि. केन्द्रीय अर्थशास्त्र विभागबीच समझदारी

### बीमा क्षेत्रको गहन् अध्ययन गर्न समझदारीबाट महत्वपूर्ण योगदान पुग्नेछ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरण र त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागबीच बीमा सम्बन्धी अनुसन्धान गर्ने समझदारी भएको छ ।

समझदारीपत्रमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारीले यही २०८० साल माघ २ गते काठमाडौंमा हस्ताक्षर गर्नुभयो ।

समझदारीपत्रमा नेपाल बीमा प्राधिकरणले बीमाको अनुसन्धान क्षेत्र पहिचान गर्ने, प्राधिकरण र केन्द्रीय अर्थशास्त्र विभागले आपसी साझेदारीमा अनुसन्धानको कार्य अगाडि बढाउने र अनुसन्धानका लागि आवश्यक वित्तीय सहयोग प्राधिकरणले उपलब्ध गराउने उल्लेख छ ।

यसैगरी, देशको अर्थतन्त्रमा बीमा क्षेत्रको योगदान, बीमा क्षेत्रको विकास, बीमा समावेशिता, बीमा व्यवसाय, सेवाको गुणस्तर, संचालन खर्च, वित्तीय प्रणाली, वित्तीय साक्षरता, बीमा क्षेत्रका चुनौती, बीमा कम्पनीको नियमन तथा सुपरीवेक्षण, पुनर्बीमा र जोखिम बहन नीति लगायतका क्षेत्रमा अनुसन्धान गरिने समझदारीपत्रका उल्लेख छ ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले समझदारीबाट देशको बीमा क्षेत्रको गहन् अध्ययन गर्न तथा प्राधिकरणको अनुसन्धान टोलीलाई सबल बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष सिलवालले बीमा सम्बन्धी अनुसन्धानका लागि आगामी आर्थिक वर्षमा थप रकमको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारीले समझदारी अनुरूप बीमा सम्बन्धी अनुसन्धान कार्य तत्कालै अगाडि बढाउने बताउनुभयो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र त्रि. वि. केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारी समझदारी पत्र आदनप्रदान गर्नुहुँदै ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल र निर्देशक सुशील देव सुवेदी, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागका प्रा.डा. योगेश रंजित र सह-प्रा.डा. रेमश थापा उपस्थित हुनुहुन्थ्यो ।

समझदारी हस्ताक्षर भएको मितिले चार वर्षसम्म कायम रहनेछ ।

## ‘बीमा तथ्याङ्क तथा सार्वजनिक निकाय’ बिषयक अन्तर्क्रिया कार्यक्रम

# तथ्याङ्क सङ्कलन, विश्लेषण र एकरुपताका लागि सहकार्य गर्न प्राधिकरण तयार छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणद्वारा आयोजित ‘बीमा तथ्याङ्क तथा सार्वजनिक निकाय’ बिषयक अन्तर्क्रिया कार्यक्रम यही २०८० साल माघ २३ गते काठमाडौंमा सम्पन्न भएको छ ।

बीमा सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारण प्रक्रियालाई अझै व्यवस्थित गर्नका लागि सम्बद्ध सरकारी निकायहरूसँग समन्वयात्मक रूपले अगाडि बढ्ने सन्दर्भमा राय सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी तोयम रायाले अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय क्षमताका आधारमा तथ्याङ्क तयार गर्ने गरिएको जानकारी दिनुभयो ।

उहाँले सबै सरकारी निकायहरूको तथ्याङ्कमा एकरूपता आवश्यक रहेको उल्लेख गर्नुहुँदै राष्ट्रिय तथ्याङ्क प्रणालीमा बीमा सम्बन्धी तथ्याङ्कलाई पनि समावेश गर्न र नेपाल बीमा प्राधिकरणसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको विकास र यस सम्बन्धी रणनीतिको परिमार्जनका लागि बीमा सम्बन्धी तथ्याङ्कको विश्लेषण आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष सिलवालले नागरिकलाई गरीबीको दुष्चक्रबाट मुक्त गराउने माध्यम बीमा हुनसक्ने उल्लेख गर्नुहुँदै हरेक क्षेत्रका राष्ट्रिय नीतिमा बीमालाई समावेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले बीमा सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण, शुद्धता र एकरूपताका लागि सम्बद्ध सबै निकायहरूसँग सहकार्य गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।



राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी तोयम राया, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेल तथा त्रि.वि. केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारी ।

अध्यक्ष सिलवालले राष्ट्रिय तथ्याङ्क लगायत अन्य निकायबाट सङ्कलन हुने तथ्याङ्कलाई एकीकृत गरी आदान प्रदान गर्ने संयन्त्रको आवश्यकता औंल्याउनुहुँदै यसबाट सरकार र प्राधिकरणका नीति निर्माण, कार्ययोजना तर्जुमा र निर्णय तहमा प्रभावकारी भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारीले यसै वर्ष परिमार्जन गरिने विश्वविद्यालयको पाठ्यक्रममा बीमालाई अझै विस्तृत रूपमा समावेश गर्ने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा सम्बन्धी तथ्याङ्कको सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारण प्रक्रियालाई अझ व्यवस्थित गर्नका लागि प्राधिकरणलाई सम्वद्ध निकायहरूको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा तथ्याङ्क तथा सार्वजनिक निकाय सम्बन्धी प्रस्तुती गर्नुहुँदै राष्ट्रिय जनगणना गर्दा बीमा सम्बन्धी प्रश्नावली पनि समावेश गर्नुपर्ने र राष्ट्रिय तथ्याङ्क प्रणाली तथा राष्ट्रिय लेखा प्रणालीमा बीमा सम्बन्धी तथ्याङ्क समेत समावेश हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, यातायात व्यवस्था विभाग, बैदेशिक रोजगार विभाग, कृषि विभाग, पशुसेवा विभाग र नेपाल राष्ट्र बैङ्कका पदाधिकारीहरू, अन्तर्राष्ट्रिय सङ्घ संस्थाका प्रतिनिधिहरू, बीमा कम्पनी, पुनर्बीमा कम्पनी र लघुबीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू लगायतको सहभागिता रहेको थियो ।

## कलैया उप-महानगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमा नीति ल्याउन स्थानीय तहलाई अध्यक्ष सिलवालको सुझाव

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशको बारा जिल्लाको कलैया उप-महानगरपालिकासँग यही २०८० साल फागुन २७ गते बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नागरिकहरूको घर तथा सम्पत्तिको आर्थिक सुरक्षणका लागि उप-महानगरपालिकाका सेवासँग आवद्ध गरेर बीमा गर्नुपर्ने अनिवार्य व्यवस्था गर्न आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “सरकारले राष्ट्रिय बीमा नीति ल्याएको छ, अब स्थानीय तहले पनि बीमाको विकास एवम् पहुँच विस्तारका लागि बीमा नीति ल्याउनु आवश्यक छ, त्यसका लागि आवश्यक सहयोग गर्न प्राधिकरण तयार छ ।”

कलैया उप-महागरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले बीमाको विकास र विस्तारका लागि उप-महानगरपालिकाले स्वास्थ्य र कृषि तथा पशुपन्छी बीमालाई समावेश गरेर बीमा सम्बन्धी कार्यविधि बनाएको जानकारी दिनुहुँदै घर बीमालाई समेत कार्यविधिमा समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमाको परिचय, महत्व र आवश्यकता, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमाको विकास तथा पहुँच विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बीमा गरेको, बीमाशुल्क तिरेको तथा नवीकरण गर्नुपर्ने मिति लगायतका बारेमा डिजिटल प्रविधि मार्फत बीमितलाई जानकारी दिने व्यवस्था गर्नुपर्ने, कम्पनीका शाखा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने, बीमा दाबी भुक्तानी सहज एवम् सरल हुनुपर्ने, बीमा सम्बन्धी प्रचार प्रसारलाई व्यापकता दिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कलैया उप-महागरपालिकाका जनप्रतिनिधि र कर्मचारी, विभिन्न निकायका प्रतिनिधि, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले गर्नुभएको थियो ।

## महोत्तरीको एकडारा गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया

# ‘गरीब बर्ग पहिचान गरी गाउँपालिकाले नै बीमा गरिदिने व्यवस्था गर्न सुझाव’

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशको महोत्तरी जिल्लास्थित एकडारा गाउँपालिकासँग यही २०८० साल माघ २ गते बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि एकडारा गाउँपालिकाका अध्यक्ष दीप नाराण मण्डलले आगामी आर्थिक वर्षमा बीमा शीर्षकमा बजेट विनियोजन गरी बीमा कार्यक्रम लागू गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले कृषकहरूले सहजरूपमा कृषिबालीको बीमा गर्न पाउने व्यवस्था गर्न र दाबी भुक्तानी दिनुपर्ने समयमा बीमा कम्पनीले बीमितको कुरै नसुन्ने प्रवृत्ति अन्त्य गर्न आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुहुँदै बीमालाई सेवासँग आवद्ध गरेर अनिवार्य गर्न र गरीब बर्ग पहिचान गरी गाउँपालिकाले नै बीमा गरिदिने व्यवस्था गर्न सुझाव दिनुभयो ।



नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लाल एकडारा गाउँपालिकाका अध्यक्ष दीप नाराण मण्डललाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

निर्देशक लालले बीमा गरेपछि दाबी भुक्तानी नपाएमा प्राधिकरणमा जानकारी दिन आग्रह गर्नुहुँदै प्राधिकरणले कृषितर्फ मौसममा आधारित बीमालेख लागू गर्न लागेको जानकारी दिनुभयो ।

## वीरगञ्ज उद्योग वाणिज्य सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### उद्योगी व्यवसायीको आवश्यकता अनुसार नयाँ बीमालेख ल्याउन प्रक्रिया अगाडि बढाइनेछ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले उद्योगी व्यवसायीहरूको आवश्यकता अनुसार नयाँ बीमालेख ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाइने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा वीरगञ्ज उद्योग वाणिज्य सङ्घसँग बीरगञ्जमा यही २०८० साल फागुन ३० गते आयोजित बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बजारको अध्ययन अनुसन्धान गरी नयाँ बीमालेख ल्याउन बीमा कम्पनीहरूलाई पनि निर्देशन दिइएको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "उद्योग व्यवसायको जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न प्याकेजमा कभर हुने गरी सम्पत्ति बीमा निर्देशिका जारी गरिएको छ, यसमा केही कमी कमजोरी देखिएमा सुधार गर्न सकिन्छ, बीमा कम्पनीले पुनर्बीमा गर्ने भएकाले त्यसलाई ध्यान दिनुपर्छ र अन्तर्राष्ट्रिय अभ्यासलाई पनि हेर्नुपर्छ ।"

बीमा दाबी भुक्तानीमा कहीं कतै समस्या भए पनि बीमा कम्पनीहरूले ७५ प्रतिशतभन्दा बढी दाबी भुक्तानी गरेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "केही बीमितले समयमैं आवश्यक कागजात तथा प्रमाण नपुऱ्याएकाले वा कहीं सर्भेयरबाट प्रतिवेदन दिन ढिला हुनाले दाबी भुक्तानीमा ढिलाई भएको हुनसक्छ, दाबी भुक्तानी छिटो गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिइएको छ, निर्देशनलाई अटेर गरी दाबी भुक्तानी नगरेमा त्यस्ता कम्पनीका संचालक तथा प्रमुख कार्यकारी अधिकृतलाई कारवाही गर्नबाट प्राधिकरण पछि हट्दैन ।"




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र निर्देशक दिनेश कुमार लाल तथा अतिथिहरू ।

अध्यक्ष सिलवालले बीमाको पहुँच बढाउनका लागि बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा प्राधिकरणले जोड दिँदै आएको र त्यस क्रममा हालसम्म तीन सयभन्दा बढी स्थानीय तहमा बीमा सचेतना कार्यक्रम आयोजना गरिसकिएको जानकारी दिनुभयो ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल कुमार अग्रवालले आर्थिक शिथिलताको हालको अवस्थामा उद्योग व्यवसायीहरूलाई बीमाशुल्कमा छूट दिने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा उद्योगी व्यवसायीहरूले सम्पत्ति बीमा निर्देशिका परिमार्जन गरी जोखिम नदेखिएको अवस्थामा बीमाशुल्क तिर्नु नपर्ने व्यवस्था गर्न, न्यून बीमाको पहुँच रहेको मधेश प्रदेशमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिन, कोरोना बीमाको बाँकी दावी भुक्तानी छिट्टै दिने व्यवस्था गर्न र बीमा दावी भुक्तानीलाई सरल एवम् सहज बनाउन आग्रह गर्नुभएको थियो ।

साथै, उहाँहरूले विभिन्न देशमा बीमादर कम हुँदा पनि नेपालमा केही बीमालेखमा बीमादर बढी भएका कारण उद्योगी व्यवसायीहरू मर्कामा परेको भन्दै त्यसतर्फ नेपाल बीमा प्राधिकरणको ध्यानाकर्षण गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै बीमा क्षेत्रको विद्यमान अवस्था, उद्योग व्यवसायमा बीमाको महत्व र बीमा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य सङ्घका पदाधिकारी, उद्योगी व्यवसायी र बीमा कम्पनीका शाखा कार्यालयका प्रमुखहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले गर्नुभएको थियो ।

# प्राधिकरणबाट स्वीकृत बीमालेखमा कुनैपनि परिवर्तन नगरी हुवहु लागू गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशस्थित बीमा कम्पनीका प्रदेश, शाखा तथा उप-शाखा कार्यालयका प्रमुख, कर्मचारी र सरोकारवालाहरूसँग यही २०८० साल फागुन २८ गते वीरगञ्जमा बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बजारको अध्ययन अनुसन्धान गरी नागरिकको आवश्यकता अनुसार बीमालेख ल्याउन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीहरूले प्राधिकरणबाट स्वीकृत बीमालेखमा कुनैपनि परिवर्तन नगरी हुवहु लागू गर्नुपर्छ, कम्पनीका प्रदेश तथा शाखा कार्यालयले प्रत्यायोजित अधिकार प्रयोग गर्नुपर्छ, दाबी भुक्तानीलाई सहज बनाउन सहयोग गर्नुपर्छ ।”

अध्यक्ष सिलवालले सुशासनको बाटो नहिंड्ने, उधारो बीमा गर्ने, कर्मचारीको तालिमका लागि छुट्याइएको रकम सोही प्रयोजनमा प्रयोग नगर्ने बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई कारवाही गरिने बताउनुभयो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र निर्देशक दिनेश कुमार लाल तथा अतिथिहरू ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिनुका साथै कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले मधेश प्रदेशमा हाल ९ प्रतिशतमा सीमित रहेको बीमाको पहुँच उल्लेख्यरूपले बढाउन रणनीतिक योजना बनाएर अघि बढ्नुपर्ने र विश्वविद्यालयका पाठ्यक्रममा बीमा विषय समावेश गरी छुट्टै पठनपाठनको व्यवस्था गर्न पहल गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

साथै, उहाँहरूले लघुबीमा कम्पनीहरू आफ्नो क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी केन्द्रित हुने गरेको, लघुबीमकले कम दरमा बीमा गर्दा अस्वस्थ प्रतिस्पर्धा हुने गरेको, मधेश प्रदेशस्थित बीमा कम्पनीका शाखा कार्यालयहरूमध्ये झण्डै ६० प्रतिशत प्रमुखविहिन रहेको, पशुपन्छी मरेको अवस्थामा स्थलगत निरीक्षण नभएको भन्दै स्थानीय तहले प्रमाणित गर्न नमानेको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशका सबै जिल्लास्थित बीमा कम्पनीका प्रदेश, शाखा र उप-शाखा कार्यालयका प्रमुख तथा कर्मचारी र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले गर्नुभएको थियो ।



कार्यक्रममा सहभागीहरू ।

## मधेश प्रदेशका बीमा सर्भेयरहरुसँग अन्तर्क्रिया

# बीमा सर्भेयरले जुन क्षेत्रमा विज्ञता छ, सोही क्षेत्रमा काम गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा सर्भेयरले जुन क्षेत्रमा विज्ञता छ, सोही क्षेत्रमा काम गर्नुपर्ने र सर्भे प्रतिवेदनको ढाँचा एउटै हुनुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल फागुन ३० गते वीरगञ्जमा मधेश प्रदेशमा रहेका बीमा सर्भेयरहरूसँग समसामयिक विषयमा आयोजित अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले स्थान अनुसार बीमा सर्भेयरको सूची बनाउनुपर्ने र सर्भेका लागि सोही स्थानका सर्भेयरलाई खटाउनुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा सर्भेयर सङ्घले बीमा सर्भेयरको आचारसंहिता बनाउनुपर्छ, सर्भेयरले समयमै प्रतिवेदन बुझाउनुपर्छ, दुई तीन वर्षसम्म पनि प्रतिवेदन नबुझाउने सर्भेयरलाई कारवाही हुन्छ ।"

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले तोकिएको सीमाभन्दा बाहिर गएर सर्भे गर्न नपाउने स्पष्ट गर्नुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमा सर्भेयरको इजाजतपत्र नपाएकाहरूले सर्भेयरको काम गरेमा कारवाही हुने बताउनुभयो ।

कार्यक्रममा सहभागी बीमा सर्भेयरहरूले मधेश प्रदेशमा कति सर्भेयर छन् भन्ने थाहा नभएको, इजाजतपत्र लिएको दुई वर्षसम्म पनि बीमा कम्पनीहरूले काम नदिएको, सर्भेयरको बर्गीकरणबाट पुराना सर्भेयरलाई मर्का पर्ने अवस्था रहेको, कम्पनीहरूमा सर्भेयरको सूचीकरणमा एकरूपता नभएको, कम्पनी आफैले र इजाजतपत्र नलिएकाहरूले पनि सर्भेयरको काम गर्ने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशमा रहेका बीमा सर्भेयरहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले गर्नुभएको थियो ।

## गौर नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया

# 'बीमाले बचत सँगसँगै जोखिमको आर्थिक सुरक्षासमेत गर्छ'

नेपाल बीमा प्राधिकरणको आयोजनामा मधेश प्रदेशको रौतहट जिल्लाको गौर नगरपालिकामा यही २०८० साल फागुन २९ गते बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गौर नगरपालिकाका उप-प्रमुख शैल कुमारी साहले बीमा सम्बन्धी कार्यक्रम आयोजना गरी बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिएकोमा नेपाल बीमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले मधेश प्रदेशमा हाल ९ प्रतिशतमा सीमित रहेको बीमाको दायरालाई आगामी दुई वर्षमा २५ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ छुट्टै प्याकेज बनाएर अगाडि बढ्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

निर्देशक लालले बीमाले बचत सँगसँगै जोखिमको आर्थिक सुरक्षा समेत गर्ने भएकाले बीमाको विकास एवम् विस्तारलाई स्थानीय तहले प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै निर्देशक लालले बीमा दावी भुक्तानीलाई सहज बनाउन प्राधिकरणले सीमित कागजातका आधारमा छिटोछरितो रूपमा साना दाबी भुक्तानीको व्यवस्था गरेको स्पष्ट गर्नुभयो ।

गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुरले बीमा दाबी भुक्तानीमा समस्या रहेको उल्लेख गर्नुहुँदै बीमाको पहुँच विस्तारका लागि नगरपालिकाले बीमा सम्बन्धी कार्यक्रम ल्याउने जानकारी दिनुभयो ।

कार्यक्रममा गौर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## कोशी प्रदेशका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

## स्थानीय तहका नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल **माघमा** कोशी प्रदेशका उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका, धनकुटा जिल्लाको धनकुटा नगरपालिका र इलाम जिल्लाको सन्दकपुर गाउँपालिका तथा **फागुनमा** सुनसरी जिल्लाको हरिनगर गाउँपालिका, झापा जिल्लाको अर्जुनधारण नगरपालिकाका र मोरङ जिल्लाको ग्रामथान गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**चौदण्डीगढी नगरपालिका**सँग माघ २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि चौदण्डीगढी नगरपालिकाका उप-प्रमुख मणिका देवी दुलालले बीमाबाट जोखिम हस्तान्तरण भई आर्थिक सुरक्षण हुने भएकाले बीमाको पहुँच विस्तारमा पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**धनकुटा नगरपालिका**सँग माघ २५ गते भएको कार्यक्रममा प्रमुख अतिथि धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ्गले क्रयशक्ति हुनेलाई बीमा गर्न प्रोत्साहित गर्ने र नहुनेलाई बीमा गरिदिने व्यवस्था गर्न पहल गर्ने जानकारी दिनुभयो । साथै, उहाँले आगामी आर्थिक वर्षको नगरपालिकाका नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**सन्दकपुर गाउँपालिका**सँग माघ २९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सन्दकपुर गाउँपालिकाका अध्यक्ष तुलाराम गुरूङ्गले गाउँपालिकामा चिराइतो खेतीले प्राथमिकता पाउँदै



चौदण्डीगढी नगरपालिकासँग आयोजित कार्यक्रमका सहभागीहरु ।

गरेको जानकारी दिनुहुँदै चिराइतोको बीमालेख ल्याउन प्राधिकरणसँग आग्रह गर्नुभयो । साथै, उहाँले विद्यालयस्तरदेखि नै बीमाका बारेमा जानकारी दिनका लागि विद्यालयका पाठ्यक्रममा बीमा विषय समावेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**हरिनगर गाउँपालिका**सँग फागुन १७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारी मियाले गाउँपालिकाको आगामी नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै न्यून आय भएका मजदूरहरूलाई बीमाको दायरामा ल्याउने योजना रहेको जानकारी दिनुभयो । साथै, उहाँले बीमा सम्बन्धी जनेतनाको कमीका कारण बीमाबाट प्राप्त हुने प्रतिफलका बारेमा स्थानीय वासिन्दा अनभिज्ञ रहेको बताउनुभयो ।

**अर्जुनधारा नगरपालिका**सँग फागुन २२ गते भएको कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका

उप-प्रमुख खड्गमाया पराजुलीले गाउँपालिकाभित्रका सबै नागरिकलाई बीमाको दायरामा ल्याउन योजना ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले बीमा दाबी भुक्तानी प्रक्रिया झण्झटिलो रहेको गुनासो आउने गरेको तर्फ प्राधिकरणको ध्यानाकर्षण गर्नुभयो ।

**ग्रामथान गाउँपालिका**सँग फागुन २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि ग्रामथान गाउँपालिकाका उप-प्रमुख गुणावती देवी थारूले सरकारको 'एक परिवार एक बीमा' अभियानलाई साकार पार्न गाउँपालिकाले आवश्यक कदम चाल्ने बताउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्राधिकरणले स्थानीय तहहरूसँगको सहकार्यमा बीमा सचेतना कार्यक्रमहरू गर्दै आएको बताउनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, स्थानीय उद्योगी व्यवसायी, अगुवा कृषक र बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

## बागमती प्रदेशका स्थानीय तहसँग बीमा सचेतना कार्यक्रम

# ‘बीमा दाबी भुक्तानी समयमैं भएमा बीमा गर्नेहरूको सङ्ख्या स्वतः बढ्ने’

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल फागुनमा बागमती प्रदेशको दोलखा जिल्लाका कालिन्चोक गाउँपालिका, जिरी नगरपालिका तथा भीमेश्वर नगरपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम सम्पन्न भएको छ ।

**कालिञ्चाक गाउँपालिकासँग** फागुन २७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कालिञ्चोक गाउँपालिकाका अध्यक्ष अर्जुन प्रसाद शिवाकोटीले बीमाको पहुँच विस्तारका लागि नीतिगत रूपमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**जिरी नगरपालिकासँग** फागुन २९ गते भएको कार्यक्रममा प्रमुख अतिथि जिरी नगरपालिकाका प्रमुख मित्र बहादुर जिरेलले पर्यटनसँग सम्बन्धित बीमालेख ल्याउन र दाबी भुक्तानी भएको नभएको बारेमा अनुगमन गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**भीमेश्वर नगरपालिकासँग** फागुन ३० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भीमेश्वर नगरपालिकाका प्रमुख इश्वर नारायण मानन्धरले जलवायु परिवर्तनका कारण हुने जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण हुने किसिमले बीमालेख ल्याउनपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक प्रीति देवले न्युन आय भएका बर्गको बीमा गरिदिने व्यवस्था गर्न र सेवासँग आवद्ध गरेर घर तथा सम्पत्ति बीमालाई अनिवार्य आर्ग सम्बन्धित स्थानीय तहसँग आग्रह गर्नुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले शाखा कार्यालयलाई बीमा दाबी भुक्तानीको न्यूनतम अधिकार प्रत्यायोजन गर्नुपर्ने, बीमा दाबी भुक्तानी समयमैं भएमा बीमा गर्नेहरूको सङ्ख्या स्वत: बढ्ने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने, खरायोको बीमालेख ल्याउनुपर्ने, बीमा कम्पनीहरू गाउँ गाउँमा पुग्नुपर्ने, बीमा अभिकर्तालाई तालिम दिनुपर्ने र गाउँ गाउँमा बीमा सचेतना फैलाउनुपर्ने धारणा राख्नुभयो ।

यसैगरी, उहाँहरूले बीमा कम्पनीहरूले दाबी भुक्तानी दिँदा दु:ख दिने गरेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, बीमा कम्पनीहरूले अदुवाको बीमा गर्न नमानेको, बीमा गरेको पशु मर्दा दाबी भुक्तानी नपाएको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था र बीमाको दायरा वृद्धिमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गरिएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बैङ्क, बीमा र वित्तीय संस्थाका प्रतिनिधि र अगुवा कृषकहरू लगायतको सहभागिता रहेको थियो ।

## GLOBAL MONEY WEEK

‘Protect your money, secure your future’ भन्ने नाराका साथ GLOBAL MONEY WEEK यही सन् २०२४ को मार्च १८ देखि २४ सम्म नेपालमा पनि वित्तीय साक्षरता सम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणद्वारा वित्तीय साक्षरता र बीमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले निर्वाण कलेज, कुमारीपाटी र नवसोच बहुउद्देश्यीय संस्था लिमिटेड, लुभूमा बीमा सचतेना कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक निश्चलराज बानियाँले प्राधिकरणको परिचय, बीमाको महत्व, भविष्य सुरक्षित राख्नका लागि बीमाबाट पुग्ने योगदान लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।




कार्यक्रममा सहभागीहरू ।

कार्यक्रममा जीवन बीमा, निर्जीवन बीमा, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायत बीमा सम्बन्धी समसामयिक विषयमा छलफल भएको थियो ।


निर्वाण कलेजमा आयोजित कार्यक्रममा स्नातक तहमा अध्ययनरत करिव एकसय जना विद्यार्थी र नवसोच बहुउद्देश्यीय संस्थामा आयोजित कार्यक्रममा संस्थाका पदाधिकारी, सदस्य र कर्मचारी तथा स्थानीय वासिन्दाहरू गरी करिव ८५ जनाको सहभागिता रहेको थियो ।

# आ.व. २०८०/८१ को फागुन मसान्तसम्मको विवरणको आधारमा


## सक्रिय रहेको बीमालेखको संख्या





## जीवन बीमाको पहुँच (४३.१६%)





## कुल बीमाशुल्क संकलन





## प्रदेशगत बीमाशुल्क संकलन (रु. अर्बमा)



# जीवन बीमालेख अनुसार जारी बीमालेख र दवी भुक्तानीको अवस्था




# निर्जीवन बीमालेख अनुसार जारी बीमालेख र दवी भुक्तानीको अवस्था


## बीमालेख अनुसारको जारी बीमालेख र दावी भुक्तानी संख्या

| जारी बीमालेख संख्या | कुल दावी भुक्तानी संख्या |
|---|---|
| ११ लाख ५१ हजार ३६८ | १५ हजार २६१ |




## बीमालेख अनुसारको बीमाशुल्क संकलन र दावी भुक्तानी रकम (रु. अर्बमा)

| कुल बीमा शुल्क | कुल दावी भुक्तानी रकम |
|---|---|
| रु. २६ अर्ब २७ करोड | रु. १० अर्ब ७३ करोड |




नोट: लघु जीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघु निर्जीवन कम्पनीको विवरण निर्जीवन बीमामा समावेस गरी गणना गरिएको छ ।

तथ्याङ्क विश्लेषक: बसन्त प्रसाद बोहरा
(तथ्यांकशास्त्री)

## लुम्बिनी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### बीमा कम्पनीहरूले माछा र मौरीको बीमा गर्न नमानेको गुनासो

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० माघमा रूपन्देही जिल्लाको सियाली गाउँपालिका, दाङ् जिल्लाका तुलसीपुर उप-महानगरपालिका तथा घोराही उप-महानरपालिकासँग र फागुनमा बाँके जिल्लाको कोहलपुर नगरपालिका तथा खजुरा गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**सियारी गाउँपालिकासँग** माघ १० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेले बीमा कम्पनीले दाबी भुक्तानी समयमा नगरेका कारण नागरिकहरूमा बीमा गर्न नमान्ने प्रवृत्ति देखिएको बताउनुभयो । साथै, उहाँले गाउँपालिकाले नेपाल बीमा प्राधिकरण र सम्बद्ध सबैको सहयोगमा बीमाको पहुँच विस्तारलाई अगाडि बढाउने जानकारी दिनुभयो ।

**तुलसीपुर उप-महानरपालिकासँग** माघ २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि तुलसीपुर उप-महागरपालिकाका प्रमुख टिकाराम खड्काले बीमाको पहुँच विस्तारका लागि नीति नियम बनाई अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**घोराही उप-महानगरपालिकासँग** माघ २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि घोराही उप-महानगरपालिकाका उप-प्रमुख कुमारी डि.सी. ले बीमा सम्बन्धी नीति बनाएर बीमाको पहुँच विस्तारमा जोड दिने बताउनुभयो ।

**कोहलपुर नगरपालिकामा** फागुन २१ गते भएको कार्यक्रममा प्रमुख अतिथि पूर्ण प्रसाद आचार्यले बीमाको पहुँच विस्तारका लागि गाउँ गाउँमा बीमा सम्बन्धी सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**खजुरा गाउँपालिकामा** फागुन २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर वि.क. ले बीमा कम्पनीहरूबाट बीमितहरूलाई सरल एवम् सहजरूपमा सेवा दिलाउनका लागि प्राधिकरणले नियमनलाई कडा बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले माछा र मौरीको बीमा गर्न नमानेको, दाबी भुक्तानी दिँदा दु:ख दिने गरेको, कृषि तथा पशुपन्छी बीमा सम्बन्धी जानकारी कृषकसम्म नपुगेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, स्थानीय तहबाट जारी भएका कागजातलाई बीमा कम्पनीहरूले मान्यता नदिएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बीमा कम्पनीका प्रतिनिधि र बुद्धिजीविहरू लगायतको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशस्थित वित्तीय क्षेत्र तथा गैरसरकारी संस्थासँग अन्तर्क्रिया

### 'बैङ्क, बीमा र वित्तीय संस्थाको विश्वसनीयता बढाउन सहकार्य आवश्यक'

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल फागुन ३० गते भैरहवामा वित्तीय क्षेत्र तथा गैरसरकारी संस्थाहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

